नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ९३ २०७७ साल कात्तिक २१ गते शुक्रबार (6 Nov. 2020 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोनाको त्रास र ... ३ पृष्ठमा : दक्षिण कोरियाली राष्ट्रपति ... ४ पृष्ठमा : छठ पर्वपछि स्वास्थ्य ...

# गजेन्द्र नारायण सिंह अस्पतालमा सिटी स्क्यान जडान



गजेन्द्र नारायण सिंह अस्पताल राजविराजका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले बिहीबार सामाजिक संजाल मार्फत सार्वजनिक गरेका सिटी स्क्यान मेशिन जडान गरिएको फोटो ।

*तस्बिर : डा. रन्जित झाको फेसबुकबाट*

**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा बिहीबार सिटी स्क्यान मेशिन जडान भएको छ ।

विगत लामो समयदेखी थन्किएर रहेको सो मेशिन जडान गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले सामाजिक संजाल मार्फत मेशिन जडान गरिएको फोटो सार्वजनिक गरेका छन् ।

हाल यो मेशिन नेपालको टिचिङ्ग अस्पताल, बिर अस्पताल, मेडिसिटी अस्पताल लगायत देशका ठूला-ठूला अस्पतालमा मात्र संचालन रहेको जानकारी दिँदै अस्पतालका निमित्त मेसु डा. झाले जडान गरिएको मेशिन अत्याधुनिक प्रविधीको रहेको बताए । उनले यस मेशिनबाट मुटु तथा मस्तिष्कका साथै शरीरको सम्पुर्ण अंगको स्क्यान गर्न सक्ने क्षमताको रहेको जानकारी समेत दिए ।

अस्पतालमा सिटी स्क्यानको जडान भएपछि अब बिरामीहरु अन्यत्र जाने झन्झटबा मुक्त हुने बताउँदै डा. झाले यस मेशिनलाई अपरेट गर्नका लागि रेडियोलोजिष्ट आवश्यक पर्ने हुनाले यसका लागि विज्ञापन समेत गरिएको जानकारी दिए ।

तत्कालिन उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको प्रयासमा सिटि स्क्यान मेशिनका लागि बजेट बिनियोजन गरिएको थियो ।

# कोरोना संक्रमणबाट सप्तरीका दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
कोरोना संक्रमणबाट सप्तरीका एक महिला र एक पुरुषको बिहीबार उपचारका क्रममा मृत्यु भएको छ ।

विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना भएकी ती महिलाको उपचारको क्रममा बिहीबार बिहान मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

उनका अनुसार मृत्यु हुनेमा बिष्णुपुर गाउँपालिका सिम्राहाका २३ वर्षीया महिला रहेकी छिन् । उनको बुधबार पिसीआर परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

पिसाबमा समस्या देखिएपछि १५ दिनअघि मात्र बिराटनगरबाट उपचार गराएर माइती फर्किएकी उनलाई एक्कासी बान्ता भएपछि विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएको थियो ।

यस्तै बिहीबारै राजविराज

***बाँकी अन्तिम पृष्ठमा***

## हार्दिक समवेदना



जन्म मिति
बि.स. १९९७

स्वर्गारोहन
बि.स. २०७७/७/१२

**स्व. गुलाबदेवी यादव**

राजविराज नगरपालिका वडा नं. ९ का अध्यक्ष तथा जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ मलेठका शेयर सदस्य श्री शम्भु प्रसाद यादव (लाली) की ममतामयी माता श्रीमति **गुलावदेवी यादव**को २०७७ साल कात्तिक १२ गते असामयिक निधनले हामी मर्माहित र स्तब्भ भएका छौ । दु:खको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जनज्योती कृषि सहकारी संस्था लिमिटेड परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# स्वास्थ्यप्रति ख्याल राखौं

कोरोना महामारीले अहिले बिकाल रुप लिदै गएको छ। अहिले नेपालका दिनहुँ जसो कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या बढ्दै गएको छ। विगत ७ महिनाको लकडाउनपछि मानिसहरुको चहलपहल बढेपछि महामारीले झनै फैलिदै गएको छ। सरकारले लकडाउन समाप्त पार्दै सामाजिक दुरी, मास्कको अनिवार्य प्रयोग तथा साबुन वा सेनिटाइजरले हातधुने र भिडभाडमा नजान जनतालाई आग्रह गर्दा गर्दै पनि मानिसहरुले अहिले सरकारी नियमको अटेर गर्दै आइरहेका छन्। अधिकांश स्थानमा भिडभाड हुने गरेको छ। बजारमा मानिसहरुको चहलपहल बढेसँगै सरकारी नियमको पालना गरेको देखिन्न्।

महामारीका कारण दिर्घ रोगिहरु बढी संक्रमित हुने गरेको अवस्थामा अहिले यूवा वर्ग पनि बढी सो रोगबाट संक्रमित भएको देखिन्छन्। हालसम्म कुनै औषधी उपचार नआएको खण्डमा यस संक्रमणबाट जोगिन सरकारी नियमको पालना अति आवश्यक रहेको छ। नेपालीहरुको महान चाड वडा दशैं समाप्त भएसँगै तिहार नजिकै गएको छ। मानिसहरु विभिन्न स्थानहरुबाट आफ्नो घर आएको बेला सतर्क रहनु पर्ने हुन्छ। तर, मानिसहरुले सरकारी आग्रह अटेर गरेको प्रसस्तै देखिन्छ।

सरकारी नियमको पालना गर्दै धामिर्क कार्यक्रम तथा विभिन्न चावपर्व मनाउन सकिए कोरोना महामारीबाट जोगिन सकिन्छ। तसर्थ जनता यसप्रति सचेत हुनु आवश्यक छ। स्वास्थ्य भन्दा ठूलो धन केही पनि नहुनाले यसप्रति सबै सचेत हुनु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाको त्रास र शय्याको खोज

काठमाडौँ, २० कात्तिक (रासस)।

तपाईं सोच्दै हुनुहुन्छ होला कतै मलाई कोभिड-१९ को सङ्क्रमण भइहाल्छ कि ! कोरोना भए कसरी उपचार गर्ने ! फेरि टोल समाजले भेदभावपूर्ण व्यवहार गर्छ। आफन्त र इष्टमित्रको पनि व्यवहार फरक हुन्छ। अहिले नेपालमा कोरोनाको संक्रमण दर उच्च रहेका बेला शायद कमैमा होला यस्ताखाले विचारले डेरा नजमाउने तर के गर्नू, जति नै स्वास्थ्य सावधानी अपनाउँदा पनि निर्दयी कोरोनाले कसैलाई छाडेको छैन। अहिले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा यस्तै कुरा देख्न र पढ्नुपर्ने बाध्यता छ। अधिकांशले लेख्ने गरेका छन् 'स्वास्थ्य सावधानी अपनाउँदा अपनाउँदै कोरोना सङ्क्रमण भयो, सम्पर्कमा आउनेले परीक्षण गराउनुहोला, कोरोनाबाट आफू बचौँ र अरुलाई पनि बचाऔँ'।

आजकल धेरैले फेसबुक पोष्टमा कोरोनाले अल्पायुमै निधन, कोरोनाले चुँडेर लग्यो, फलानो रहनुभएन...हार्दिक श्रद्धाञ्जलि आदि समवेदनाका शब्द पढ्नु दैनिकी बनेको छ। बस, तपाईँले जस्तै मैले पनि सोच्ने र सतर्कता अपनाउने गरेकै हो तर कोरोना नभए पनि जटिल प्रकारका कोरोना सङ्क्रमितको जत्तिकै पीडा भोग्नुपर्‍यो। व्यक्तिगत भोगाइ शायद कतिपयसँग मेल खान पनि सक्छ। हो, म कोरोनाका कारण हैन, त्यसको त्रासले झण्डै मृत्युको मुखमा पुगेँ। अस्पतालको दुई घण्टाको छटपटाहट र पीडादायी बसाइ मेरा निम्ति कहालीलाग्दो बन्यो। सिजनल भाइरलका कारण मलाई हल्का मात्रै निमोनियाको सङ्केत थियो। शुरुमा एक दिन जीउ दुख्यो पछि तीन दिन हल्का ज्वरो (१०० डिग्रीभन्दा कम), थप तीन दिन सामान्य रुघाखोकी। यसरी सात दिनका दिन आफू स्वस्थ्य भएको अनुभूत गरी फेसबुक स्टाटस लेखेँ तर हल्का खोकी पनि रहेकाले थप जटिलता ननिम्तियोस् भनी म नयाँ बानेश्वरस्थित सिभिल सर्भिस अस्पतालको आपत्कालीन उपचार कक्षमा पुगेँ।

कात्तिक ४ गते करीब साँझ ६ बजेको समय। म सहयोगीका साथ सिभिल अस्पतालको आकस्मिक कक्षमा पुगेँ। सोही दिन दिउँसो मेडिसिन डिपार्टमेन्टमा फिजिसियनलाई स्वास्थ्य परीक्षण गराउँदा सामान्य थियो। छातीको एक्सरे गर्न चिकित्सकले आग्रह गरे। म एक्सरेको रिपोर्ट लिएर फर्कँदा अस्पतालको ओपिडी सेवा बन्द भइसकेको थियो। सेवा अपराह्न १२ बजेसम्म मात्रै रहेछ। रिपोर्टमा सानो दाग देखिएकाले निमोनियाको आशङ्का गरियो। सोचेँ, यदि निमोनिया हो भने त बेलैमा उपचार गर्नुपर्‍यो। सेवा बन्द भएकाले रिपोर्ट लिएर घर फर्किएँ। स्टाफ नर्स पत्नीले रिपोर्ट डाक्टरलाई देखाएर औषधि शुरु गरिहाल्नुपर्छ भनिन् तर कसरी त्यो सम्भव छ र ? विकल्प निस्कियो इमर्जेन्सीमा जाने। सास फेर्न केही असहज भएजस्तो महसुस गरेँ। अपराह्न म साँझ सिभिल हस्पिटल पुगेँ। आकष्मिक कक्षमा त्यति धेरै बिरामी थिएनन्। म गएपछि एक/दुई जना श्वासप्रश्वास र पेटसम्बन्धी समस्या भएका केही बिरामी थिए।

म सामान्य अवस्थामै थिएँ। स्वास्थ्यकर्मीले सोधपुछ गरे। उनले कोरोनाको सिम्टम्स जस्तो छ, जसरी पनि पिसिआर परीक्षण गराउनू भने। त्यसक्रममै मेरो ज्वरो परीक्षण गरियो, ९९ दशमलव ८ ज्वरो आएपछि चिकित्सक आत्तिए। घरबाट निस्कनुअघि ९७ दशमलव ५ ज्वरो भएकामा अस्पताल पुगेपछि एक्कासि बढ्यो। अक्सिजनको मात्रा मापन गरियो, त्यो पनि सामान्य थियो। त्यसपछि मेरो रगत परीक्षण भयो। दुई घण्टामा मात्रै रिपोर्ट आउने भयो। ब्लड कल्चर गर्दा अरु चार दिन लाग्ने भयो। सोही बीचमा चिकित्सकले मलाई कोरोनाको आशङ्का गरी अस्पताल बाहिरको पालमा पठाए। म त्यतै गएँ। म एक्लो बिरामी थिएँ, स्वास्थ्यकर्मी कोही आउँदैन थिए। सोचेँ कालकोठरीमा पुगेछु। चिकित्सकले पनि त्रसित बनाए। निमोनिया भएको व्यक्तिलाई अस्पतालले घर जान रेफर गर्दैन। तत्काल अक्सिजनसहितको बेड खोज्नू भने। त्यति राति कहाँ कसरी बेड पाउने ? यहीँ सम्भव छैन, बेड खाली छैन भनी सोधेँ। "अन्त खोज्नुस्"भने। वीर अस्पताल, पाटन अस्पताल, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज तथा केही निजी अस्पतालमा बुझ्दा, कतै बेड छैन। यो मेरो मात्रै पीडा थिएन अन्य दुई बिरामी पनि थपिए। प्रायः इमर्जेन्सीमा आउने बिरामीलाई चिकित्सकको एउटै आग्रह थियो, 'यहाँ बेड छैन बेड खोज्नू, अनि पिसिआर रिपोर्ट नेगेटिभ ल्याउनू'। म बेडबाटै बेड खोज्न छुट्टिएका बेला सिभिल अस्पतालकै निर्देशक तथा अन्य अस्पतालका उच्च अधिकारीसँग बेडका लागि गुहारेँ तर कतैबाट सम्भव भएन। सम्भावित सबैसँग सहयोग मागेँ। कतैबाट पार लागेन। अन्तिममा मन्त्रिस्तरमा कुरा राख्ने निष्कर्षमा पुगेँ। फोन भने लगाइन। करीब रातिको ८ बजिसकेको छ। रगतको रिपोर्ट पनि आयो। शरीरमा कुनै इन्फेक्सन रहेनछ। अब तत्कालै पिसिआर टेष्ट गर्न चिकित्सकले भने। रातिको समय भएकाले कहाँ जाने परीक्षण गर्न ? सिभिलबाट सीधै सिनामङ्गलस्थित काठमाडौँ मेडिकल कलेज हानिएँ। त्यहाँ केहीबेरको लाइनपछि स्वाब दिएँ।

**पिसिआर रिपोर्ट लिएपछि....**

बेचैन मनलाई सम्हाल्दै कात्तिक ५ गते म सिभिल हस्पिटलको मेडिसिन डिपार्टमेन्ट पुगेँ। मलाई पिसिआर रिपोर्टपछि मात्रै भेट्नू भनिको थियो तर म सम्हालिने अवस्थामा थिइन। त्यसैले चिकित्सकको आग्रह विपरीत म अस्पताल गएँ किनकि मैले एक्सरेको रिपोर्ट देखाउनु थियो। रिपोर्ट हेरेर चिकित्सकले भने, "तपाईँलाई सामान्य मात्रै हो निमोनिया। आत्तिनु पर्दैन।" मलाई एन्टिबायोटिक र केही भिटामिन प्रिस्क्राइब गरे तर एन्टिबायोटिक पिसिआर रिपोर्ट नेगेटिभ आयो भने मात्र खाने, नभए औषधि सेवन गर्न मिल्दैन भने। मनभित्रको छटपटी चुलियो। सहनुको विकल्प थिएन। सोही दिन साँझ आफैँ गएर रिपोर्ट लिएँ। काउन्टरमा नसोधी रिपोर्ट सीधै हातमा लिएँ। रिपोर्ट नेगेटिभ रहेछ। अन्य पीडा बिर्सेर खुशीले गद्गद् भएँ। दुई घण्टाको पाल बसाइले मलाई अन्तिम रोजाइ मृत्यु हो भन्ने निष्कर्षमा पुगेको थिएँ। घरमा तीन वर्षको छोरो अनि श्रीमतीको शारीरिक अवस्थाले पनि म थप पिरोलिएको थिएँ। परिवारका सदस्य पनि सशङ्कित थिए। छरछिमेकका मानिस देखेर तर्किन्थे, फर्किन्थे। भेदभावपूर्ण व्यवहार गरेको अनुभूति हुन्थ्यो। कोरोनाको उपचार पनि नपाइने भएकाले परिवारका अन्य सदस्यलाई पनि केही भइहाल्यो भने के होला, यस्तै अनगिन्ती प्रश्न र नकारात्मक सोचाइले मलाई अन्तिम विकल्प नै मृत्यु जस्तो लाग्यो। कोरोना रिपोर्ट नेगेटिभपछि मैले चिकित्सकले लेखिदिएको औषधि सेवन गरेँ। सात दिनको डोज पूरा भएपछि आफू स्वस्थ भएको महसुस गरेँ। निमोनिया भर्खरै ठीक भएको र अझै केही दिन हिँडडुल गर्न नमिल्ने भएकाले अहिले म घरबाटै अफिसको काम सम्पादन गरिरहेको छ। स्वास्थ्यमा राम्रो सुधार भएको छ। सावधानी अपनाउनैपर्ने बाध्यता छ। अहिले पनि मन पुलकित छैन सर्वसाधारण नेपालीको अवस्था देखेर, सुनेर।

विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गर्दागर्दै र उच्च सतर्कता अपनाउँदा पनि अहिले धेरैमा कोरोना भाइरस को सङ्क्रमण देखिने गरेको छ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# दक्षिण कोरियाली राष्ट्रपति मुनको लोकप्रियता बढ्दो, ४५.६ प्रतिशतको समर्थन

सियोल, २० कात्तिक (रासस/सिन्ह्वा)।

दक्षिण कोरियाली राष्ट्रपतिको लोकप्रियता बढ्दो क्रममा रहेको छ। राष्ट्रपति मुनको पक्षमा यो हप्ता ०.७ प्रतिशत अङ्क वृद्धि भई ४५.६ अङ्क पुगेको बिहीबार सार्वजनिक सर्वेक्षणमा देखिएको छ।

विगत हप्ताहरूमा मुनको पक्षमा समर्थन ४४ प्रतिशतदेखि ४६ प्रतिशत अङ्कबीच कायम रहँदै आएको सर्भेक्षण संस्था रियलमिटरले जनाएको छ।

राज्य सम्बन्धी व्यवहारमा मुनको आकर्षण १.३ प्रतिशतले कमी आई ४९.६ अङ्क कायम भएको सर्भेक्षणले जनाएको छ।

त्यसैगरी मुनको सत्ताधारी दल डेमोक्रेटिक पार्टीप्रतिको समर्थन अघिल्लो साताभन्दा शून्य दशमलव १ प्रतिशतले घटेको छ।

दक्षिण कोरियाली प्रमुख विपक्षी दल पिपुल्स पावर पार्टीलाई पनि अघिल्लो हप्ताको तुलनामा १.२ अङ्क कमी अर्थात् २७.७ प्रतिशत समर्थन देखिएको छ।

# अर्नब गोस्वामी न्यायिक हिरासतमा

नयाँ दिल्ली, २० कात्तिक (रासस/पीटीआई)।

दुई वर्ष पुरानो आत्महत्या दुरुत्साहन मुद्दामा पक्राउ परेका भारतीय पत्रकार अर्नब गोस्वामीलाई दुई वर्ष पुरानो १४ दिनका लागि न्यायीक हिरासतमा राख्ने अनुमति दिइएको छ।

बुधबार राति मुम्बईस्थित एक अदालतले गोस्वामी र अन्य दुई जनालाई १४ दिनका लागि न्यायिक हिरासतमा राख्न आदेश दिएको हो।

गोस्वामीका वकिलले जमानतका लागि निवेदन दिनुभएको छ। सो निवेदनमाथि बिहीबार सुनुवाई हुने सम्भावना रहेको छ।

सन् २०१८ मा इन्टेरियर डिजाइनर अन्वयक नाइक र उहाँकी आमा कुमुद नाइकलाई आत्महत्या गर्न बाध्य पारेको आरोप गोस्वामीमाथि लागेको छ। गोस्वामीलाई भादंविको धारा ३०६ को खण्ड ३४ अन्तर्गत हिरासतमा राख्ने आदेश दिइएको हो।

रिपब्लिक टेलिभिजनका प्रधानसम्पादकसमेत रहेका गोस्वामीलाई बुधबार बिहान मुम्बईस्थित उहाँकै निवासबाट प्रहरीले पक्राउ गरेको थियो भने उहाँलाई बुधबार रातभर कोभिड-१९ परीक्षण रिपोर्ट नआउँदासम्म जेलद्वारा कोभिड-१९ बिरामीलाई राख्न बनाईएको केन्द्रमा नै राखिएको थियो।

इन्टेरियर डिजाइनर अन्वयक नाइक र उहाँकी आमा कुमुद नाइक सन् २०१८ को मे महिनामा अलिबाग तालुकाको कवीर गाउँस्थित आफ्नो फार्म हाउसमा मृत फेला परेका थिए।

त्यहाँ फेला परेको सुसाइड नोटमा अर्नबसँगै फिरोज शेख र नितेश सारदाले ५० करोड भुक्तानी नगरेकाले आफूहरूले आत्महत्या गरेको उल्लेख छ।

# भारतमा कोरोना संक्रमित ८३ लाख नाघे

नयाँदिल्ली, २० कात्तिक (रासस-एएनआई)।

भारतमा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या ८३ लाख ६४ हजार नाघेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ५० हजार २०९ जना नयाँ संक्रमित थपिएका छन्।

मन्त्रालयका अनुसार विगत २४ घण्टामा ५५ हजार ३३१ जना संक्रमणमुक्त भएका छन्। भारतमा हाल सक्रिय संक्रमितको संख्या ५ लाख २७ हजार ९६२ रहेको छ। मन्त्रालयले हालसम्म कोरोना संक्रमितमध्ये ७७ लाख ११ हजार ८०९ जना संक्रमणमुक्त भएको जनाएको छ।

भारतमा हालसम्म कोरोना संक्रमितमध्ये १ लाख २४ हजार ३१५ जनाको मृत्यु भएको छ जसमा पछिल्लो २४ घण्टामा थप ७०४ जनाको कोरोना संक्रमणबाट ज्यान गएको थियो।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदले देशभर ११ करोड ४२ लाखभन्दा बढी नमूना परीक्षण गरिएको जनाएको छ।

भारतमा कोरोनाभाइरस संक्रमितमध्ये निको हुनेको दर ९२ प्रतिशतको हाराहारीमा रहेको मन्त्रालयले जनाएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

031-520034
031-520134
E-mail : hosp-sagarmatha@mohp.gov.np

# गजेन्द्र नारायण सिंह अस्पताल

## राजविराज, सप्तरी

## चिकित्सक वा स्वास्थ्यकर्मी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०७/२१**

प्रस्तुत विषयमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मी करारमा पदपूर्तीका लागि लोक सेवा आयोगद्वारा निर्धारण गरिएको शैक्षिक योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकले २१ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस अस्पतालमा आवेदन दिनुहुन अनुरोध छ ।

**तपसिल**

| सि.नं | पद | तह | सेवा | समूह | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेन्ट इर्माटोलोजि | ९ | स्वास्थ्य | इर्माटोलोजी/भेनेरल डिजिज | १ |
| २. | वरिष्ठ कन्सल्टेन्ट इ.एन.टी.सर्जन | ९ | स्वास्थ्य | अटोरिनोल्यारिङ्गोलोजी | १ |
| ३. | वरिष्ठ कन्सल्टेन्ट सर्जन | ९ | स्वास्थ्य | सर्जरी | १ |
| ४ | वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रीष्ट | ९ | स्वास्थ्य | साइक्याट्री | १ |
| ५. | वरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | ९ | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ |
| ६. | वरिष्ठ कन्सल्टेन्ट रेडियोलोजिष्ठ | ९ | स्वास्थ्य | रेडियोलोजी | १ |
| ७. | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | २ |
| ८ | नर्सिङ अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ | १ |
| ९. | स्टाफ नर्स | ५ | स्वास्थ्य | जनरल नर्सिङ | ८ |
| १०. | अ.हे.व. | ४ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ३ |

१. दरखास्त दिने अन्तिम स्थान: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज, सप्तरी ।

२. दरखास्त दिने मिति: २०७७ मंसिर ११ गते सम्म( दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा अस्पताल खुल्ने अर्को दिन ।)

३. करार सेवाका लागि दरखास्त पेश गर्ने व्यक्तिले सहायक स्तरको पदको हकमा रु ६००।-र अधिकृत स्तरको पदका पदको हकमा रु १०००।-दस्तुतर बुझाउनु पर्नेछ ।

४. परीक्षाको किसिम: अन्तर्वार्ता ।

५. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:

- प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिपद्मा नामदर्ता र नविकरण भएको,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धीत पदको न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति

६. सेवा सुविधा: चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम हुनेछ ।

७. करार अवधि: आ.व. २०७७।०७८ अषाढ मसान्तसम्म हुनेछ ।

८. सम्पर्क मिति २०७७।०८।१४

(नोट: पेश गर्नु पर्ने सबै प्रतिलिपिको पछाडि आवेदक स्वयंले हस्ताक्षर गरी पेश गर्नु पर्नेछ । आवेदन फारमको ढाँचा र सूचना सम्बन्धी अन्य जानकारीको अस्पताले उपलब्ध गराउँनेछ । थप अन्य जानकारीको लागि अस्पताल प्रशासनमा सम्पर्क राख्न मोवाइल नं. ९८४२८३०४९९।)

**डा. रन्जित कुमार झा**
नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट
ग.ना.सिंह अस्पताल, राजविराज

# छठ पर्वपछि स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम सूचारु हुन्छ : राष्ट्रिय सभा सदस्य प्याकुरेल



**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**

राष्ट्रिय सभाका सदस्य सुमनराज प्याकुरेलले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्पुर्ण काम छठ पर्व पछि शुरु हुने जानकारी दिएका छन् ।

बिहीबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि राष्ट्रिय सभा सदस्य प्याकुरेलले सो कुराको जानकारी दिएका हुन् ।

विगत तिन/चार वर्षदेखी चार्चामा रहेको तथा ४० करोड रकम समेत अर्थमन्त्रालायबाट बिनियोजन भइसकेको अवस्थामा हाल प्रतिष्ठानको सम्पूर्ण कामकाज ठप्प रहेको छ ।

सो पत्रकार सम्मेलनमा उनले प्रतिष्ठानको जग्गा सम्बन्धी फायल भुमिसुधार मन्त्रालयबाट मन्त्रिपरिषदमा गईसकेको र सो सम्बन्धी सम्पुर्ण कामहरु छठ पर्वपछि सुचारु हुने कुरामा आफू विश्वस्त रहेको बताए ।

त्यसै गरी हरेक प्रतिष्ठानहरुको कार्यविधि फरक भएकाले समितीमा रहने डाक्टहरुको पदिय मर्यादा र पारिश्रमिकको पनि समस्याले गर्दा उक्त कार्यमा बाधा आएको उनको भनाई छ ।

हाल प्रतिष्ठानको कार्यबाहक अध्यक्षका रुपमा डा. रोहित पोखरेललाई चयन गरिसकेको र प्रतिष्ठान सम्बन्धी ऐन नै बन्ने प्रकृयामा रहेकोले पनि अब उक्त कार्य चाडै पुरा हुने कुरा प्रधानमन्त्री केपी शर्मा ओलीबाट स्वास्थ्य मन्त्राललयलाई निर्देशन भइसकेको उनले जानकारी समेत दिए ।

त्यसै गरी सप्तरीको कन्चनरुप नगरपालिकामा निर्माणका क्रममा रहेको मदन भण्डारी खेलग्रामले पनि चाडै निरन्तरता पाउने उनको दाबी छ ।

सोही पत्रकार सम्मेलनमा उनले नेकपा पार्टीको फुट्न लागेको हल्ला मात्रै भएको भन्दै पार्टी नफुट्ने दाबी गर्दै यस्ता हल्ला पछाडी सम्पूर्ण नेता कार्यकर्तालाई नलाग्न आग्रह समेत गरे ।

## *कोरोनाका ...*

कतिपय लक्षणसहितका सङ्क्रमित छन् भने केहीलाई लक्षण नै नदेखिई कोरोना पोजेटिभ हुने गरेको छ । नेपालमा यतिखेर कोरोना सङ्क्रमण दर उच्च रहेका बेला राजधानीका सबैजसो अस्पताल कोरोनाका बिरामीले भरिभराउ छन् । कोरोना उपचार हुने सरकारी अस्पतालमा त झन् बेड नै पाइँदैन । बिरामीले तीनदेखि साता दिन प्रतीक्षापछि मात्रै बेड पाउनसक्छन् । त्यतिञ्जेल उनीहरूको स्वास्थ्य अवस्था कस्तो होला । हो, अहिले सरकारी मात्र हैन, निजी अस्पतालमा पनि कोरोना सङ्क्रमितले बेड पाउन मुश्किल छ । कतिपय अस्पतालले त बेड भएर पनि बहानाबाजी गर्ने गरेका छन् । निजीको त कुरा गरिसाध्य छैन तर निजी अस्पताल कोरोना परीक्षणमा चाहिँ लालायित हुन्छन् । रु दुई हजार सहजै पाइने र त्यसपछि बिरामीको अवस्थाअनुसार उपचार पनि गर्नुपर्ने भएकाले अधिकांश अस्पताल तथा निजी प्रयोगशालाले परीक्षण गरे पनि उपचारका लागि बेड उपलब्ध गराउन आनाकानी गरेको भेटिएको छ । कोरोनाको त्रासमा सामान्य बिरामीले अकालमै ज्यान गुमाउन नपरोस् भनेर आवश्यक उपचार र व्यवस्थापनमा सरोकार पक्ष एवं निकायको ध्यान जान जरुरी छ ।

## *कोरोना संक्रमणबाट ...*

नगरपालिका वडा नं. ८ का एक ६५ वर्षीय पुरूषको पनि कोरोना संक्रमणबाट मृत्यु भएको छ । कात्तिक १५ गते पिसिआर परिक्षणबाट संक्रमण पुष्टि भएको ती पुरुष सोही दिन विपि कोइराला विज्ञान प्रतिष्ठानमा भर्ना भएका थिए ।

योसँगै जिल्लामा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ३१ पुगेको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*